# सामाजिक समावेशीकरण र सकारात्मक कदम : अवधारणागत र नीतिगत भिन्नता

**हिलरी सिल्भर**
प्राध्यापक, समाजशास्त्र, ब्राउन विश्वविद्यालय, रोड आइल्यान्ड, अमेरिका

सकारात्मक कदमलाई मैले सामाजिक समावेशीकरण बढाउने धेरैमध्येको एउटा नीतिका रूपमा लिएकी छु । यस कार्यक्रममा मैले सामाजिक समावेशीकरणको नीति सम्बन्धी युरोपको अनुभवका आधारमा तुलनात्मक दृष्टिकोण लिएकी छु । म त्यस अवधारणाको पक्षपाती होइनँ । मैले नेपालका सन्दर्भमा छलफल गर्दा त्यसको सन्दर्भ मात्र लिएकी हुँ । म सबै भन्दा पहिले सामाजिक समावेशीकरणको अवधारणाका बारेमा कुरा गर्नेछु । त्यसपछि सामाजिक समावेशीकरण र सकारात्मक कदमका बारेमा छलफल गर्नेछु र अन्त्यमा नेपालको अवस्थाका बारेमा केही चिन्तन गर्नेछु ।

## क. सामाजिक वञ्चितीकरण र सामाजिक समावेशीकरणको नीति

सामाजिक समावेशीकरणका विशेषता बुझ्नका लागि हामीले सबैभन्दा पहिले सामाजिक समावेशीकरण के हो भन्ने प्रश्नको जवाफ खोज्नुपर्छ । सन् १९८० को दशकमा फ्रान्समा गरीबी सम्बन्धी वञ्चितीकरणका सन्दर्भमा यस अवधारणाको व्यापक उपयोग भएको थियो । फ्रान्समा सामाजिक वञ्चितीकरण भन्नाले सामाजिक सम्बन्धमा परेको चिरा अथवा सामाजिक सौहार्द र नैतिक सामञ्जस्यमा आएको कमी भन्ने बुझिन्थ्यो । राज्यले नागरिकलाई समाजका पूर्ण सदस्यका रूपमा व्यवहार गर्नुपर्छ र समाजका हरेक काममा उनीहरूको सहभागिता हुनुपर्छ । जीविकोपार्जन र भेदभावबाट जोगिने अधिकार राज्यले सबै नागरिकलाई प्रदान गर्नुपर्छ । समय क्रममा सामाजिक वञ्चितीकरणसँग लड्ने क्रममा धेरै किसिमका अन्यायसँग जुध्ने काम भयो र त्यस्ता अन्यायलाई गैरकानूनी घोषित गरियो । आजभोलि सामाजिक वञ्चितीकरणलाई समाज विभाजन र अन्याय पैदा गर्ने “बहुआयामिक” प्रक्रियाका रूपमा लिइन्छ । सामाजिक वञ्चितीकरण घटाउनका लागि गरीबी विरुद्धको कदम, रोजगारी र तालिम, भेदभाव उन्मूलन र सकारात्मक कदमका नीति जस्ता धेरै उपाय अपनाइएका छन् ।

राजनीति र नीतिका बारेमा कुरा हुँदा संसारभरि नै सामाजिक वञ्चितीकरणको प्रसङ्ग उठ्नुको एउटा कारण के हुन सक्छ भने सबै मानिसले आफ्नो जीवनमा “गरीबी” कहिल्यै नभोगेका भए पनि वञ्चितीकरण कुनै न कुनै किसिमले एक न एक पटक भोगेका हुन्छन् । त्यसैले, सामाजिक वञ्चितीकरणको कुरा उठाउँदा समभाव उत्पन्न हुन्छ र यस्तो वञ्चितीकरण हुन नदिनका लागि व्यापक समर्थन जुट्छ ।

यसको ठीक विपरीत, “सामाजिक समावेशीकरण” को अवधारणामा लैङ्गिक समानतादेखि आप्रवासीको एकीकरण अनि अपाङ्गको पहुँचदेखि बहुसांस्कृतिक संघीयतासम्मका विभिन्न सामाजिक कार्यक्रम समेटिएका हुन्छन् । युरोपेली युनियनले आफ्ना सदस्य राष्ट्रहरूले सामाजिक समावेशीकरणका लागि अपनाएका साझा उपायमा हासिल गरेको प्रगति अनुगमन गर्नका लागि संयन्त्र तयार गरेको छ । युरोपेली न्याय अदालतले आफ्ना सदस्य राष्ट्रले भेदभावविहीन र सबैका लागि समान अवसर प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्ने कुरा कडाइका साथ सुनिश्चित गर्छ । युरोपेली युनियनले निश्चित वर्षमा निश्चित लक्षित समूह (रोमा जाति वा अपाङ्गता भएका मानिस) का विरुद्धको भेदभाव रोक्न ध्यान दिन्छ ।

यो अवधारणा युरोपबाट बिस्तारै संसारभर फैलियो । संयुक्त अधिराज्यमा, टोनी ब्लेयरको नयाँ लेबर सरकारले प्रधानमन्त्रीको कार्यालयमा सामाजिक वञ्चितीकरण एकाइ खोल्यो जसले जोखिममा परेका समूहका लागि कार्यक्रम चलायो । क्यानाडा (बहुसांस्कृतिक संघीयता), अष्ट्रेलिया (एब्ओरिजनलमा ध्यान दिएर गरिएको आदिवासी पुनर्मिलन) र न्युजिल्यान्ड (माओरी जातिको समावेशीकरण) मा सामाजिक समावेशीकरण सम्बन्धी नीतिका बारेमा छलफल गरियो । नीतिगत छलफलमा सामाजिक समावेशीकरणका कुरा मूलतः धनी प्रजातान्त्रिक देशमा उठे पनि यो अवधारणा दक्षिणी ध्रुवका देशहरूमा पनि विस्तार भइरहेको छ । यस विचारलाई फैलाउन अन्तर्राष्ट्रिय संस्थाहरूको ठूलो भूमिका छ । कोपनहागन सामाजिक सम्मेलनमा आईएलओले सामाजिक समावेशीकरणको नारा अघि सारेको थियो । यसपछि युएनडीपी र हाल आएर विश्व बैंकले पनि सामाजिक समावेशीकरणका कुरा उठाउन थालेका छन् (उदाहरणका लागि, सहस्राब्दी विकास लक्ष्य मार्फत) ।

***सामाजिक वञ्चितीकरण सम्बन्धपरक कुरा हो***

गरीबी र सामाजिक वञ्चितीकरण एकअर्काका पर्यायवाची शब्दावली होइनन् तर यी एकापसमा सम्बन्धित छन् । स्रोतसाधन दुर्लभ हुँदा सामाजिक सम्बन्ध खल्बलिने हुनाले गरीबीले सामाजिक वञ्चितीकरण गराउन सक्छ । यसको ठीक उल्टो, परिवार, इष्टमित्र र समुदायको सहयोग नपाएका खण्डमा कुनै पनि मानिसको सम्पत्ति द्रुत गतिमा घट्ने भएकाले सामाजिक वञ्चितीकरणले गरीबीतिर धकेल्न सक्छ । गरीबीका सम्बन्धमा अध्ययन गर्नेहरूले सामाजिक वञ्चितीकरणका सिद्धान्तको सहयोग लिने क्रम बढ्दो छ । अहिले गरीबी नाप्नका लागि नयाँ उपायहरू उपयोग गर्न थालिएको छ जसले आम्दानी मात्रै हेर्दैनन् बरु धेरै किसिमका भौतिक साधनको अभावलाई पनि हेर्छन् । उदाहरणका लागि, पिटर टावोसेन्डले गरीबीको यस्तो तुलनात्मक अवधारणा ल्याएका छन् जसले न्यूनतम आधारभूत आम्दानी र आधारभूत आवश्यकता मात्र हेर्दैन, बरु सामाजिक जीवनमा भाग लिने मानिसको क्षमतामा पनि ध्यान दिन्छ । औसतमा धेरै थोरै मात्र स्रोतसाधन भएका व्यक्ति, परिवार वा समूहलाई गरीब भन्न सकिन्छ । औसतभन्दा धेरै कम स्रोतसाधन भएका मानिसले सामाजिक गतिविधिमा भाग लिन पाउँदैनन् ।

समय बित्दै जाँदा गरीबीको अवधारणाले सामाजिक सम्बन्धमा पनि ध्यान दिन थाल्यो । सामाजिक वञ्चितीकरणको सिद्धान्तले भने झैं गरीबीले सामाजिक सम्बन्ध खल्बल्याउँछ । कुनै मानिस आफ्नो समाजमा एकाकार हुन नसक्नु वा ऊ त्यहाँका गतिविधिमा सहभागी हुन नसक्नु नै गरीबी हो । सामाजिक रूपले मान्यता पाउन मानिसलाई के कुरा चाहिन्छ ? सामाजिक वञ्चितीकरण केले गराउँछ ? अमर्त्य सेनले के भनेका छन् भने गरीबले के-कस्ता काम गर्न सक्नुपर्छ भन्ने कुरा समाजले निर्धारण गर्छ । उनले आदम स्मिथको विचारलाई उदाहरणका रूपमा अघि सारेका छन्, जस अनुसार वञ्चित हुनु भनेको “सार्वजनिक जीवनमा लज्जाबोध नगरिकन भाग लिन नसक्नु” हो । त्यसैले गरीबी सामाजिक अवस्था पनि हो । मानव समुदायमा अन्तरक्रिया गर्न र सहभागी हुन के कुरा चाहिन्छ भन्ने कुरा समाजले निर्धारण गर्छ । भ्वाइसेस अफ द पोरः क्यान एनीवान ह्यर अस् (नारायण २०००) मा के कुरा दोहोऱ्याइएको छ भने गरीब मानिसले जतिबेला आफूलाई अरूले कलंकित गरेको, शर्मिन्दा बनाएको र अविश्वास गरेको ठान्छन्, त्यतिबेला उनीहरू सार्वजनिक जीवनमा पूर्ण रूपमा भाग लिन सक्दैनन् । अपमान पनि एक किसिमको सामाजिक वञ्चितीकरण हो भने अर्कालाई आफ्नै समाजको सदस्य झैं व्यवहार गर्नु चाहिँ सामाजिक समावेशीकरण हो ।

***सामाजिक वञ्चितीकरण बहुआयामिक कुरा हो***

गरीबीलाई सम्बन्धपरक शब्दावलीका रूपमा परिभाषित गरिए पनि यो मूलतः आर्थिक विषय हो । यसको उल्टो, वञ्चितीकरण आर्थिक साथै सामाजिक विषय हो । यसको अर्थ हो – यसका धेरै आयाम छन्, जो एकअर्कासँग सम्बन्धित छन् र यिनले एकअर्कालाई अझ जटिल बनाउँछन् । भौतिक रूपले वञ्चित हुँदै जाँदा मानिसलाई सामाजिक काममा सहभागी हुन कठिन हुन्छ । यसको विपरीत, बेरोजगारी, अस्वस्थता अथवा अन्य सामाजिक असमानता र समस्याले मानिसलाई गरीबीतिर धकेल्छन् । अध्येता सर्ज पगमका अनुसार सामाजिक काममा लामो समयसम्म सहभागी हुन नपाउँदा सामाजिक सीप बिर्सिइन्छ र निश्चित क्षेत्रमा मानिस “सामाजिक रूपले अयोग्य” ठहरिन्छ । यसरी एकपछि अर्को गरी समस्या थपिने प्रक्रिया नै वञ्चितीकरण हो ।

अधिकांश मानिसहरू केही आयाममा वञ्चित भए पनि अधिकांश सामाजिक काममा भाग लिन सक्छन् । उदाहरणका लागि, अविवाहित अथवा झोपडपट्टीमा बस्ने मानिसहरू पनि सामाजिक रूपले समेटिएका हुन सक्छन्, रोजगार हुन सक्छन्, खुशी र स्वस्थ हुन सक्छन् । असुविधाले सधैँभरि अर्को असुविधा थप्छ भन्ने छैन, खास गरी दुष्चक्रममा फँस्नुभन्दा पहिले नै कुनै समस्यालाई समाधान गर्न सकिएका खण्डमा । समावेशीकरण सम्बन्धी नीति निश्चित खालका समस्या हल गर्ने किसिमले बनाइएका हुन्छन् । यस्ता नीति -स्वास्थ्य सेवा, तालिम, ऋण आदि- ले मानिसलाई बिस्तारै सामाजिक गतिविधिमा भाग लिन सक्ने हुन मद्दत गर्न सक्छन् ।

तर नेपाल, भारत र जाति प्रथा भएका अन्य देशमा समाजका हरेक क्षेत्रमा मानिसको सामाजिक सम्बन्ध उसको जन्मका आधारमा निर्धारण हुन्छ । जातका आधारमा कलंकित पार्ने काम जतातातै हुन्छ जसले मानिसका अवसर सीमित पार्छ । थ्रोटले भने झैँ, भारतमा जातमा आधारित वञ्चितीकरण पेशा र सम्पत्ति सम्बन्धी अधिकार जन्मका आधारमा जबरजस्ती असमान रूपमा वितरण गर्ने कामबाट जन्मेको हो । दलितलाई सम्पत्तिको अधिकार दिइएको थिएन । उनीहरूलाई अरू जातिलाई सेवा गर्ने काम मात्र दिइएको थियो । यस्तो खालको वञ्चितीकरणले चरम आर्थिक वञ्चितीकरण र गरीबी सिर्जना गर्छ । यस बाहेक उनीहरूले हेलाँ, तिरस्कार, बहिष्कार, हिंसा र बलात्कार पनि सहनुपर्थ्यो । यसले गर्दा दलितहरू समाजबाट टाढा धकेलिएका थिए । उनीहरूको सम्बन्ध सानो समूहमा सीमित थियो । अन्त्यमा, वञ्चितीकरण भनेको सामाजिक रूपले एक्लो हुनु र संस्थाबाट टाढा रहनु हो । वञ्चितीकरणको दुष्चक्र तोड्नका लागि सरकारले रोजगारी, ऋण, आवास, शिक्षा र राजनीति जस्ता विभिन्न क्षेत्रमा काम गर्नुपर्छ । वञ्चितीकरण बहुआयामिक भएकाले यसको निराकरणका लागि शिक्षा, रोजगारी, बजार र सरकार जस्ता धेरै क्षेत्रमा सकारात्मक कदम उठाउनुपर्छ । जातीय भेदभाव र छुवाछुत सम्बन्धी नेपालको २०११ को कानूनले सार्वजनिक र निजी दुवै क्षेत्रमा जातीय भेदभाव र छुवाछुतलाई निषेध गरेको छ ।

जाति प्रथा नभएका समाजमा पनि सुविधाविहीन मानिसहरू झेपडपट्टी अथवा दुर्गम ठाउँमा बसेका हुन्छन् जसले गर्दा सामाजिक वञ्चितीकरण हुन्छ । एकलास ठाउँमा भएको वञ्चितीकरणको निराकरणका लागि भौगोलिक रूपले लक्षित गरिएका बहुमुखी कार्यक्रम उपयोगी हुन सक्छन् । तर गाउँमा पनि प्रभुत्वशाली वर्ग, लिंग र अन्य समूहले बाहिरबाट आउने सबै स्रोतमा कब्जा जमाएर जोखिममा परेका समूहलाई ती स्रोतको उपयोग गर्नबाट वञ्चित गर्न सक्छन् ।

### *सामाजिक वञ्चितीकरण सन्दर्भ विशेषमा फरक हुन्छ*

सामाजिक वञ्चितीकरणका आधारहरू समाजै पिच्छे फरक हुन्छन् । कुनै समाजमा जाति प्रथा हुँदैन । कुनैमा वंशाणुगत वा भाषिक भिन्नता हुँदैन । कतै एकदमै धेरै सुविधाविहीन भौगोलिक क्षेत्र हुँदैन । तर सामाजिक वञ्चितीकरण हरेक समाजमा हुन सक्छ ।

सामाजिक समावेशीकरणलाई अघि बढाउनका लागि सबैभन्दा पहिला मानिसलाई के कुरामा समावेश गर्ने भन्ने बारेमा सोच्नु जरूरी हुन्छ । हामी कस्तो समाज बनाउन चाहन्छौं ? के "मूलधार" हो र के "सामान्य" हो ? हामीले कस्तो सम्बन्धलाई हुर्काउनुपर्छ ? सामाजिक समावेशीकरणको नीतिले सामाजिक सम्बन्धको निर्माण गर्नुपर्छ, भौतिक स्रोतको पुनर्वितरण गर्ने मात्रै होइन भन्ने कुरामा ख्याल गर्नुपर्छ । आम्दानी हुने खालका सहयोग गरेका खण्डमा गरीबी अन्त्य हुन सक्छ तर सामाजिक प्रतिकूलता अन्त्य नहुन सक्छ । वञ्चित समूहका धनी मानिसलाई पनि समाजमा बहिष्कार, हेलाँ र अपमान गरिएको हुन्छ ।

सकारात्मक कदम तय गर्दा सामाजिक उद्देश्यसँग मेल खाने गरी गर्नुपर्छ । हामीले निर्माण गर्न चाहेको समाज स्वतन्त्र मानिसको समाज हो कि जोरजुलूमयुक्त समाज हो ? धेरै ठाउँमा सकारात्मक कदमले समूह-समूहका बीचका भिन्नता कम गर्ने वा मेटाउने लक्ष्य लिएको हुन्छ । यस्तो नीतिले अल्पसंख्यकलाई बहुसंख्यक जस्तो बनाएर सम्मिलन गर्ने आशा गरिएको हुन्छ । यस्तो भएपछि थप सकारात्मक कदम चाहिँदैन । तर सन्दर्भ अनुसार, सकारात्मक कदमले बहुसांस्कृतिक समाज अथवा संघीय सामाजिक संरचना बनाउने रणनीति लिनुपर्ने हुन सक्छ । समूहको पहिचान अलग हुन्छ तर सकारात्मक कदम सम्बन्धी नीतिले राजनीतिक प्रतिनिधित्व अथवा निजामती सेवा जस्ता खास क्षेत्रमा विभिन्न समूहको उपस्थितिमा ठूलो अन्तर नहुने अवस्था सिर्जना गर्न सक्छ । यस्तो व्यवस्था संवैधानिक हुने हुनाले स्थायी हुन्छ । नेपालमा संविधान बनाउने काम कठिन हुनुको एउटा कारण यो हो ।

### *सामाजिक वञ्चितीकरण गर्ने संयन्त्र*

सामाजिक वञ्चितीकरणका आयामहरू समय बित्दै जाँदा थपिँदै जान्छन् भने यो प्रक्रिया फैलने तरीका चाखलाग्दो छ । कस्तो संयन्त्रले सामाजिक वञ्चितीकरण सिर्जना गर्छ ? अन्तरवैयक्तिक अथवा सूक्ष्म तहमा केही लक्षण मार्फत सामाजिक वञ्चितीकरण प्रकट हुन्छ । ती हुन् : सामाजिक सम्बन्ध विच्छेद भएर, सामाजिक रूपले अलग भएर, बहिष्कृत भएर, अपमानित भएर, दुर्व्यवहार भोगेर, कलंकित भएर र आफैं पाखा लागेर । यी सबै अवस्थामा मानिसको मान-मर्यादामा चोट पुग्छ । कलंक अथवा हेपाइ यस्तो प्रक्रियाको परिणाम हो जहाँ निश्चित समूहलाई नाजायज तरीकाले लाजलाग्दो किसिमले असमान र अन्यायपूर्ण व्यवहार गरिन्छ । केही ठाउँमा स्पष्ट देखिने खालका व्यवहारले निश्चित समूहलाई उपेक्षित गर्नुपर्छ, दुर्व्यवहार गर्नुपर्छ भनिरहेका हुन्छन् । मानिसलाई देखेको नदेख्यै गर्नु अथवा उसको अस्तित्व स्वीकार नगर्नु पनि सामाजिक वञ्चितीकरण हो । यस्तो व्यवहार भोगेका मानिसहरू जैविक रूपले जीवित भए पनि सामाजिक रूपले मृत ठानिन्छन् ।

सामाजिक अथवा बृहत् तहमा सामाजिक वञ्चितीकरण समूहको गतिशीलताको एउटा पक्ष हो । नरुचाइएको समूहलाई प्रतिस्पर्धाका लागि योग्यता निर्धारण गर्दा असजिला मापदण्ड राखेर प्रतिस्पर्धामा कमजोर पारिन्छ अथवा बलपूर्वक हटाइन्छ अथवा दबाइन्छ, अथवा धकेलिन्छ र ठाउँ छाड्न बाध्य पारिन्छ । यसको अति चरम

रूपमा जातिको नरसंहार गर्नु हो । ओएचसीएचआर र राष्ट्रिय दलित आयोगले शारीरिक आक्रमण, आगजनी, बसेको ठाउँबाट जबरजस्ती निकाला, यौन हिंसा र श्रमको शोषण जस्ता जातीय भेदभावका घटना रेकर्ड गरेका थिए । यी सबै प्रक्रियाले पीडितलाई दुर्बल बनाउँछ । यस्तो अवस्थामा उनीहरू आफैं त्यो समाजबाट अलग हुनु अनौठो कुरा होइन । समाजबाट अलगिने चाहना मौन रहने चाहनाको अभिव्यक्ति हो । यस्तो प्रतिकूल अवस्था भएको समाजमा बस्न को चाहन्छ र ?

ऐच्छिक रूपमा स्व-वञ्चितीकरण गर्ने अधिकार कसैलाई छ ? सामाजिक संलग्नताका केही खराबी छन् जसले स्व-वञ्चितीकरणलाई प्रोत्साहन दिन सक्छ । कुनै समूहले दमन गरेर अरूलाई त्यो दमन स्वीकार गर्ने अवस्थामा पुऱ्याउन सक्छ । तर उनीहरू समाजबाट अलग हुन सक्दैनन् किनभने त्यसो गर्दा तिनको गतिशीलता रोकिन्छ । सामाजिक समावेशीकरणका यी र अन्य नकारात्मक पक्षको अर्थ के हुन्छ भने कुनै समूह कुनै समाजमा अनिच्छापूर्वक बसेको हुन सक्छ र यस्तो बसाई उसका लागि हानिकारक हुन सक्छ । कुनै मानिस आफू त्यस समूहमा जन्मेका कारणले मात्रै सधैँभरि त्यहाँ बसिरहन चाहँदैन । कोही समाविष्ट भएको हुन सक्छ तर उसलाई सजिलो हुने किसिमले समाविष्ट नभएको हुन सक्छ । यसरी जबरजस्ती समाविष्ट हुँदा अन्याय हुन्छ । आत्मनिर्णयको अधिकारको आधार के हो भने मानिसले पहिचान, कर्तव्य र भविष्यका विषयमा कोसँग एकाकार हुने वा नहुने भन्ने कुराको निर्णय गर्ने स्वतन्त्रता पाउनुपर्छ ।

### ख. वञ्चितीकरणबाट समावेशीकरणतिर

युरोप र उत्तरी अमेरिकामा सामाजिक समावेशीकरणका नीतिले शुरूमा बेरोजगारीले गर्दा उत्पन्न गरीबीमा ध्यान दिएका थिए । त्यतिबेला यी देशहरू आर्थिक समस्या भोगिरहेका थिए । यिनीहरूले बढ्दा बेरोजगारहरूलाई स्रोतसाधन पुनर्वितरण गर्नुपरेको थियो । सन् २००० को मध्यतिर यो प्रक्रिया फेरियो । युरोपेली युनियनले सामाजिक वञ्चितीकरणसँग लड्नुका सट्टा आर्थिक वृद्धि र रोजगारी नीति मार्फत "सामाजिक समावेशीकरण" को नीति प्रवर्द्धन गर्न थाल्यो । समावेशीकरणका नीतिलाई सामाजिक सुरक्षामा सुधार गर्ने एजेन्डामा मिलायो ।

युरोपेली अदालत र आयोगले सुधारिएको समन्वयको यो तरीका, साझा सामाजिक सूचक सम्बन्धमा राष्ट्रिय अवस्था रिपोर्टिङ गर्नुपर्ने नरम कानूनका साथै महिला, अपाङ्गता भएका मानिस र रोमा जाति जस्ता सामाजिक रूपले वञ्चित समूहका विरुद्धमा भइरहेका भेदभावसँग लड्न बढी ध्यान दियो । युरोपेली अदालतले युरोपेली युनियनका नियमसँग मेल नखाने राष्ट्रिय कानून खारेज गर्नका लागि सदस्य राष्ट्रलाई दवाव दिने कडा कानूनको सहारा लियो । सदस्य राष्ट्रहरूले अपाङ्गता भएका मानिस, अल्पसंख्यक जनजाति र आप्रवासीलाई समाजमा एकीकृत गर्ने कामलाई प्राथमिकता दिए । रोमा जाति (उनीहरूको पहिचान कलंक थोपरिएको जातिको जस्तै थियो) लाई समाजमा एकीकृत गर्नका लागि सक्रिय कार्यक्रम ल्याइयो । रोमा जातिका बालबालिकालाई मूलधारका स्कूलमा पढाउने कार्यक्रमले 'विशेष स्कूल' (जसमा पढ्दा उनीहरूको जीवन बर्बाद हुने जोखिम बढ्थ्यो) मा मात्र पढाउने चलनको अन्त्य गर्ने लक्ष्य लियो ।

#### *एकीकरणका रूपमा समावेशीकरण*

युरोपेलीहरूले सामाजिक समावेशीकरण भनेका छन् भने अमेरिकीहरूले "एकीकरण" भन्ने गरेका छन् । नागरिक अधिकार सम्बन्धी कानून लागू गर्न कठिन भएकाले वंशीय एकीकरण गर्नका लागि त्यहाँ कहिलेकाहीँ बल प्रयोग

गर्नुपरेको थियो । विभिन्न जातिका विद्यार्थीलाई एउटै स्कूलमा पढाउने नीति लागू गर्नका लागि अफ्रिकन-अमेरिकन विद्यार्थीलाई बसमा हालेर नजिकैको गोराहरूको बस्तीमा भएको स्कूलमा लाने क्रममा बल प्रयोग गर्नु परेको थियो । दुवैथरीलाई एउटै स्कूलमा पढाउने कुराको गोरा अभिभावकहरूले विरोध गरे र आफ्ना बच्चालाई टाढा पठाए अथवा निजी स्कूलमा भर्ना गरिदिए । यसले गर्दा अमेरिकाका सार्वजनिक स्कूल अहिले पनि जातीय हिसाबले पृथक् छन् । सन् १९६८ को न्यायोचित आवास ऐन र सन् १९७७ को सामुदायिक पुनः लगानी ऐन बसोबासमा यी दुईथरिलाई मिसाउने उद्देश्यले ल्याइएका थिए । यति हुँदा हुँदै पनि अमेरिकाका महानगरहरूमा एउटा जाति अर्को जातिबाट अलग बस्ने क्रम बितेका चालीस वर्षमा सारै थोरै मात्र घटेको छ । रोजगारीका क्षेत्रमा लागू गरिएको सकारात्मक कदमले गर्दा बौद्धिक काममा अफ्रिकन अमेरिकनको संख्या बढ्यो तर बाराक ओबामा राष्ट्रपतिमा पुनर्निर्वाचित भए पनि माथिल्लो तहमा जातीय भेदभाव कम गर्ने काम भने रोकिएको छ । फर्च्युन म्यागाजिनले छनोट गर्ने गरेका अमेरिकाका ५०० वटा ठूला कम्पनीका प्रमुख कार्यकारीमध्ये मुश्किलले एक प्रतिशत मात्र काला जातिका छन् । देशका ठूला कम्पनीका वरिष्ठ कार्यकारी पदमध्ये ३.२ प्रतिशतमा मात्र अफ्रिकन-अमेरिकन छन् । सन् १९९० को दशक यता अमेरिकामा काला फिजिसियन र डेन्टिस्टको संख्या ५ प्रतिशतमा अनि अफ्रिकन-अमेरिकन आर्किटेक्टको संख्या तीन प्रतिशतमा स्थिर रहेको छ जबकि त्यहाँको काम गर्ने उमेरको जनसंख्यामा यो समूहको संख्या १२ प्रतिशत छ ।

राज्यस्तरमा विधायिकामा प्रतिगमन शुरू भयो । सन् १९९० को दशकमा क्यालिफोर्निया, फ्लोरिडा र वासिङ्टनले वंशमा आधारित सकारात्मक कदममा प्रतिबन्ध लगाए । यसपछि एरिजोना, मिचिगन, नेब्रास्का, न्यू ह्याम्पशायर र ओक्लाहोमाले पनि यस्तै नीति लिए । सकारात्मक कदमप्रति गोराहरूको विरोध जस्ता कारणले गर्दा अल्पसंख्यक समूहका अति दक्ष "संभ्रान्त" लाई फाइदा पुऱ्याउने खालका कार्यक्रम पनि लामो समयसम्म सञ्चालन गर्ने हो भने मात्रै समान प्रतिनिधित्व हासिल गर्न सकिन्छ भन्ने प्रष्ट भएको छ ।

भेदभाव विरोधी कानून कडाइका साथ निरन्तर लागू गर्नुपर्छ । सन् १९८० यता अमेरिकाको समान रोजगार अवसर आयोगका बारेमा धेरै गुनासो सुन्नुपरेको छ र यो अप्रभावकारी भएको छ । यसको ठीक विपरीत, नेपालको नयाँ भेदभावविरोधी कानूनले भेदभाव गर्ने सरकारी कर्मचारीलाई सजाय बढाउनुका साथै पीडकले पीडितलाई क्षतिपूर्ति दिनु पर्ने व्यवस्था गरेको छ ।

अमेरिकीहरूमा सामाजिक एकीकरणलाई बिस्तारै सम्मिलन हुने प्रक्रियासँग जोड्ने चलन छ । एकीकरण के मान्यतामा आधारित छ भने आधुनिक संस्था र विवेकशील बहसले मानिसलाई नजिक ल्याउँछ । मिश्रण र घुलमिलले समाजमा सकारात्मक परिवर्तन ल्याउँछ । तर समाजविज्ञानमा भेटिएका प्रमाणले के भन्छन् भने सामाजिक सम्मिश्रणले सहमति र सहनशीलता होइन, ठूला द्वन्द्व सजिलै निम्त्याउन सक्छ । यसले समाजलाई समृद्ध बनाए पनि, एकापसमा विश्वास बढाए पनि र सामाजिक सम्बन्धलाई मलजल गरे पनि सामाजिक विविधताले घर्षण तथा सामाजिक बेमेल गर्न र छोटो समयका लागि अस्थिरता पैदा गर्न सक्छ ।

खण्डित र विविधतायुक्त समाजलाई एकीकृत र एकात्म्य बनाउने एउटा उपाय हो – राष्ट्र निर्माणका अनुभव आदान-प्रदान गर्नु । लामो समयको विभाजन पछि सांकेतिक सद्भावले धारणा र सोचाइ फेर्न सक्छ । केही देशमा सत्यनिरूपण तथा मेलमिलाप आयोग बनाएर न्याय र क्षमाका माध्यमबाट पुरानो घाउ निको पार्ने प्रयास

गरिएका छन् । दुःखद घटनाको सम्झना गर्नुका साथै पीडितको सम्मानमा स्मारक बनाएर सामाजिक सम्बन्ध जोड्न सकिन्छ । आधिकारिक रूपमा क्षमा माग्दा पनि राम्रै हुन्छ । राष्ट्रिय विदा र साझा संस्कारले पनि घाउ निको पार्छ । पीडितहरू राजनीतिक नेता भएको देख्दा र सञ्चार माध्यममा अल्पसंख्यकका उदाहरणीय व्यक्तित्वलाई ठाउँ दिँदा कलंक लगाइएको समुदायप्रति आम मानिसको धारणा फेरिन्छ ।

नेपालमा धेरै किसिमका सांकेतिक काम गर्नुपर्छ । देशको इतिहास बिस्तारै समावेशी ढंगले लेखिँदैछ । स्कूल, सेना र अन्य राष्ट्रिय संस्थाले नयाँ पुस्तालाई तिनको महत्वका बारेमा शिक्षा दिन सक्छन् । मानिसले धेरै वटा भाषा सिक्न सक्छन् । यस बाहेक, मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा, गाउँबाट शहरमा, हिमालबाट तराईमा बसाइँ सर्दै जाँदा भाषिक पुल तयार हुन्छ । एकअर्काको परिचय राम्रोसँग पाएपछि नेपालका विभिन्न सांस्कृतिक समूहका बीचमा समझदारी हुर्कन सक्छ ।

**ग. समाजशास्त्रीय प्रभाव**

माथि उल्लेख गरिए झैं सामाजिक समावेशीकरण भनेको स्रोत, सरकारी वा विश्वविद्यालयका सीट अथवा नोकरीको पुनर्वितरण मात्रै होइन । समावेशी मिथक तयार गर्नु र सद्भाव फैलने खालका काम गर्नु पनि हो । "कोटा", "विशेषाधिकार" जस्ता डरलाग्दा शब्दका ठाउँमा विविधता, ऐक्यबद्धता, स्वागत, सामाजिक समावेशीकरण जस्ता बढी स्वीकार्य शब्द उपयोग गर्न सकिन्छ । नयाँ शब्दावलीले परिवर्तनका काममा सहयोग पुऱ्याउन सक्छ ।

समावेशीकरण सम्बन्धी नीतिका विषयमा आम सहमति भएका खण्डमा ती बढी प्रभावकारी हुन्छन् । नेपाल तथा एशियाली अनुसन्धान केन्द्रले गरेको सामाजिक वञ्चितीकरण सर्भेक्षणबाट के कुरा प्रष्ट भएको छ भने बितेका दशकमा नेपालीहरूले आफ्नो देशको सामाजिक-आर्थिक अवस्थामा सुधार आएको, जातीय एकता बढेको, जातीय, धार्मिक र क्षेत्रीय भेदभाव घटेको अनुभव गरेका छन् । यसले के देखाउँछ भने सामाजिक समावेशीकरण मानिसको सोचाइ र एकअर्काप्रतिको व्यवहार जस्ता कुरामा निर्भर रहेको हुन्छ । कसैलाई कुन शब्दावलीले संबोधन गरिएको छ भन्ने कुराले आफ्ना बारेमा अरूले कसरी सोचेका छन् भन्ने बुझिने हुनाले मानिसले आफूलाई संबोधन गर्ने शब्द (जस्तै दलित) आफैं छनोट गर्न पाउनुपर्छ । कम शिक्षित र अन्य समुदायका मानिसप्रति पनि आदर गर्नुपर्ने हुनाले नेपालीले आदर सम्बन्धी आचारसंहिता बनाउन सक्छन्, उदाहरणीय व्यक्तित्वलाई आदर गर्न र उदाहरणीय व्यवहारको प्रचार प्रसार गर्न सक्छन् । लामो युद्धपछिको वातावरणमा नेताहरूले आफ्ना पहिलेका शत्रुहरूलाई पनि स्वीकार गर्न सक्छन् । नेपालीको नाता गाँसिएका समान हैसियतका नागरिकका बीचमा उचित सम्बन्ध राख्नु नै सभ्यता हो ।

वास्तविक नागरिक समाजले सार्वजनिक जीवनलाई स्थिर र आदरपूर्ण बनाउनुपर्छ । उदाहरणका लागि, घृणा फैलाउने खालका भाषण र जातीय भेदभाव गर्न उक्साउने खालका कामलाई अपराध ठान्ने हो भने सार्वजनिक ठाउँमा गरिने अभिव्यक्ति कम उत्तेजक हुन्छन् । अलोकप्रिय कानून बनाए पनि ती लागू हुँदैनन् । सकारात्मक कदम न्यायोचित भएनन् र नाजायज भए भने मानिसले तिनको प्रतिरोध गर्छन् । 'उनीहरूलाई सहयोग दिनु जायज छैन' भन्दै लाभग्राहीमाथि कलंक थोपरिन्छ । यसको अर्थ के हो भने कहिलेकाहीं नागरिक समाजले कानूनले गर्न नसकेका काम गर्न सक्छ । संस्थालाई सबैका लागि खुला गर्न सकिन्छ, तर आदर गर्नुपर्छ भनेर कानूनी डण्डा लगाउन सकिँदैन । आदर भनेको कमाइने कुरा हो । यो त्यस्तो खालको सामाजिक पारस्परिक सम्बन्धबाट हासिल हुने कुरा हो, जहाँ अरूलाई आफू जस्तै ठानिन्छ । हामी एउटै डुङ्गाका सहयात्री हौँ भनी

सामाजिक अन्तरनिर्भरतालाई स्वीकार गर्नु बलियो सभ्य समाज निर्माण गर्ने कामको पहिलो कदम हो । हामी एकअर्काबाट भाग्न सक्दैनौँ । हामी एकअर्कामा निर्भर छौँ । सबैले आ-आफ्नो ठाउँबाट योगदान दिएका छन् । त्यसैले समाजमा समावेश हुन सबै योग्य छन् ।